नेपाल सरकार
# गृह मन्त्रालय
## राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग
(सामाजिक सुरक्षा शाखा)

टेलिफोनः ४२००६५१, ४२६४६८
४२६२०५६, ४२००८९५
फ्याक्सः ४२०००१४

सिंहदरबार,
काठमाडौं, नेपाल

पत्र संख्याः- ०७७/०७८
प्राप्त पत्र संख्या र मितिः-
च.नं.:- २५१

मिति २०७७/४/२७

विषयः लोपोन्मुख जातिको सामाजिक सुरक्षा भत्ता वितरण सम्बन्धमा।

श्री स्थानीय तह सबै।

प्रस्तुत विषयमा सामाजिक सुरक्षा ऐन,२०७५ को दफा ३ को खण्ड (च) मा बालबालिका र खण्ड (ज) मा लोपोन्मुख जातिका नागरिकलाई सामाजिक सुरक्षा भत्ता पाउने अधिकारको व्यवस्था गरेको छ। त्यसै गरी सामाजिक सुरक्षा ऐनको दफा ९ मा अति विपन्न, लोपोन्मुख र नेपाल सरकारले तोकेका पाँच वर्ष उमेर पुरा नगरेका बालबालिकाले सामाजिक सुरक्षा भत्ताको रूपमा नेपाल सरकारले तोकेको (रू. ४००।-) का दरले बालपोषण भत्ता पाउने व्यवस्था रहेको छ भने ऐनको दफा १० मा लोपोन्मुख जातिका नागरिकले नेपाल सरकारले तोकेको रू.३०००।– का दरले सामाजिक सुरक्षा भत्ता पाउने व्यवस्था छ।

ऐनको दफा १३ मा दोहोरो सामाजिक सुरक्षा भत्ता नपाउने व्यवस्था रहेको छ। उक्त दफा को उपदफा (१) मा कुनै नागरिकले यस ऐनको दफा ३ बमोजिम एक भन्दा बढी प्रकारको सामाजिक सुरक्षा पाउने रहेछ भने निजले रोजेको कुनै एक मात्र सामाजिक सुरक्षा पाउनेछ भन्ने व्यवस्था रहेको छ।

सामाजिक सुरक्षा ऐनको उपरोक्त व्यवस्थालाई विभिन्न स्थानीय तहबाट बुझाईमा एकरूपता नभएको कारणले फरक फरक दरमा सामाजिक सुरक्षा भत्ता वितरण गरेको पाइएको छ। ऐनको दफा १३ (१) को व्यवस्था अनुसार सामाजिक सुरक्षा ऐनको दफा ३ मा व्यवस्थित भत्ता मध्ये दोहोरो लिन नपाउने व्यवस्था हुँदा लोपोन्मुख जातिका नागरिकलाई सामाजिक सुरक्षा भत्ता वितरण गर्दा ऐनको दफा ९ को बालपोषण भत्ता र ऐनको दफा १० को लोपोन्मुख जातिको भत्ताकालागि योग्य नागरिकले ऐनको दफा १३ (१) मा भएको व्यवस्था अनुसार निजको रोजाईमा कुनै एक प्रकारको भत्ता मात्र प्राप्त गर्न सक्ने हुँदा निजले रोजेको कुनै एक मात्र सामाजिक सुरक्षा भत्ता वितरणको व्यवस्था गर्नु गराउनुहुन आदेशानुसार अनुरोध छ।

साबित्रा बस्नेत
शाखा अधिकृत

Email: info@donidcr.gov.np, nid@donidcr.gov.np, ss.donicr@gmail.com, vital@donidcr.gov.np, URL:www.donidcr.gov.np